apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्षः १२ ● अंकः २०७ ● पृष्ठः ४ ● २८ साउन २०८३ विहीबार (13 August 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## ज्यान मार्ने उद्योगका फरार प्रतिवादी पक्राउ

### घाँस काटिरहेकी महिलामाथि हँसिया प्रहार गरी गरगहना लुटेको आरोप

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २७ गते**

सिरहाको कल्याणपुर नगरपालिका-४ मा घाँस काटिरहेकी महिलामाथि हँसिया प्रहार गरी गम्भीर घाइते बनाएको तथा सुनचाँदीका गरगहना लुटेको आरोपमा फरार रहेका एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार गत असार ५ गते कल्याणपुर नगरपालिका-४ मझौलिया निवासी दिनेश गोइत यादवको करिब ४० वर्षीया श्रीमती चन्द्रकला देवी यादव निर्दना-डरौलस्थित आफ्नै खेतमा घाँस काटिरहेकी थिइन् । सोही क्रममा पछाडिबाट आएका व्यक्तिले उनको मुख थुनी घाँटी समातेर घाँस काट्न प्रयोग गरिरहेको हँसिया खोसेर उनीमाथि प्रहार गरेको प्रहरीले जनाएको छ।




हँसिया प्रहारबाट चन्द्रकला गम्भीर घाइते भएकी थिइन् । घटनापछि उनीसँग रहेका सुनचाँदीका गरगहना लुटेर आरोपित फरार भएको प्रहरीको भनाइ छ।

परिवारजनका अनुसार चन्द्रकलाको साथबाट करिब ४० तोला चाँदीका कडा, ४ आनाको मंगलसूत्र, ८ आनाको सुनको कानको गहना र १ आनाको नाकको गहना लुटिएको थियो । घाइते चन्द्रकलाको मिर्चैयास्थित अस्पतालमा उपचार गरिएको थियो।

घटनामा संलग्न रहेको आरोपमा धनुषाको कमला नगरपालिका-४ सघरा घर भई हाल कल्याणपुर नगरपालिका-४ स्थित ससुरालीमा बस्दै आएका करिब ३५ वर्षीय ईसरुल कवारीलाई प्रहरीले पक्राउ गरेको हो।

फरार प्रतिवादीको खोजतलासका क्रममा कवारीलाई धनगढीमाई नगरपालिका-११ क्षेत्रबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

पक्राउ परेका कवारीलाई इलाका प्रहरी कार्यालय मिर्चैयामा राखिएको छ। उनीविरुद्ध ज्यान मार्ने उद्योग मुद्दामा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

दिनदहाडै खेतमा घाँस काटिरहेकी महिलामाथि आक्रमण गरी गरगहना लुटिएको घटनापछि स्थानीयवासीमा त्रास फैलिएको थियो। घटनामा संलग्न व्यक्तिको खोजी तथा अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको थियो । अहिले आरोपित पक्राउ परेसँगै घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## गर्मी सहन नसकेपछि पङ्खा माग्दै विद्यार्थी आन्दोलनमा



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २७ गते**

चर्को गर्मीमा कक्षाकोठामा पर्याप्त पङ्खा नभएको भन्दै भगवानपुर गाउँपालिका-१ स्थित श्री बाला सुन्दरी माध्यमिक विद्यालयका विद्यार्थी आन्दोलनमा उत्रिएका छन्।

गर्मीका कारण कक्षाकोठामा बसेर पढ्न समस्या भएपछि विद्यालयमा लिखित निवेदन दिँदासमेत माग सम्बोधन नभएको विद्यार्थीहरूको गुनासो छ। समस्या समाधानका लागि विद्यालय प्रशासन र गाउँपालिकाको ध्यानाकर्षण गराउँदा पनि बेवास्ता भएपछि आन्दोलनमा उत्रिनुपरेको उनीहरूको भनाइ छ।

विद्यार्थी धिरज यादवले गर्मीका कारण कक्षामा बस्नै कठिन भइरहेको बताए । 'हामीले विद्यालयमा लिखित निवेदन दिएका थियौँ। तर गाउँपालिकाले पनि चासो दिएन । त्यसपछि बाध्य भएर शान्तिपूर्ण आन्दोलनमा उत्रिएका हौँ', उनले

बाँकी पृष्ठ ४

## मधेश सरकारको 'प्लान बी': संघ सरकार तयार नभए प्रदेशमा स्वयंसेवक प्रहरी

**कमलेश ठाकुर**
**जनकपुरधाम, साउन २७ गते**

प्रदेश प्रहरी ऐन बनाएको आठ वर्षसम्म पनि भर्ना गर्न नपाएको मधेश प्रदेशले आफ्नै प्रहरी भर्तीका लागि कसरत अघि बढाएको छ। प्रदेश प्रहरी भर्नाका लागि संघले आलटाल गरे मधेस सरकार 'प्लान बी' सहित अघि बढेको हो।

प्रदेशले ऐन कार्यान्वनका लागि सहजीकरण गरिदिन संघीय गृहमन्त्री सुधन गुरूङलाई आग्रह गरेको छ । प्रदेश प्रहरीका लागि बजेट समेत विनियोजन हुँदा पनि संघको आलटालले भर्ना रोकिएको भन्दै प्रदेशका गृहमन्त्री फकिरा महतोले संघीय गृहमन्त्री गुरूङसँग भेट गरेका हुन् । उनले प्रधानमन्त्री बालेन्द्र शाहसँग पनि प्रदेश प्रहरीबारे छलफल हुने बताए। संघ सरकार तयार नभए स्वयंसेवक प्रहरी भर्ना गरिने महतोले बताएका छन्। "एक सातापछि प्रधानमन्त्रीलाई पनि फाइल बुझाउँछौं। संघीय सरकारले आलटाल गरेमा हामीसँग 'प्लान बी' पनि छ," उनले भने।




संघीय गृहमन्त्री गुरूङले प्रदेश प्रहरी भर्नाका लागि सकारात्मक संकेत गरेको प्रदेशका गृहमन्त्री महतोको भनाइ छ । आफूले सम्पूर्ण प्रक्रिया पुरा गरेर संघीय मन्त्रालयमा फाइल बुझाएको भन्दै उनले यसै वर्षबाट भर्ना प्रक्रिया अघि बढ्ने जिकिर गरे। "हाम्रो काम प्रदेश कानुन बनाउने अनि कार्यान्वयन गर्ने हो। त्यसका लागि हामीले संघसँग समन्वय गरिरहेका छौं। गृहमन्त्रीले सकारात्मक प्रतिक्रिया दिनुभएको छ," महतोले भने।

महतोका अनुसार प्रदेश प्रहरी सेवा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, प्रहरी कर्मचारीलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा समायोजन गर्ने सम्बन्धमा बनेको ऐन र प्रदेश प्रहरी नियमावली २०७७ संघीय गृहमन्त्री गुरुङलाई बुझाइएको छ।

संघीय सरकारले प्रदेश प्रहरी भर्नका लागि आलटाल गरे प्रदेश स्वयंसेवक प्रहरी भर्ना प्रक्रिया अघि बढ्ने महतोले बताए। मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेमा प्रदेश प्रहरी भर्ना एवं व्यवस्थापनका लागि एक करोड रुपैयाँ छुट्याएको छ। २०७५ पुष १५ गते मधेस प्रदेश सरकारले राजपत्रमा प्रदेश प्रहरी ऐन प्रकाशित गरेको थियो। संघको आनाकानीका कारण हालसम्म प्रदेश प्रहरी भर्ती हुन नसकेको मधेश


बाँकी पृष्ठ ३

## अत्यधिक गर्मी बढेपछि सिरहामा बिहान कक्षा सञ्चालन गर्न निर्देशन

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २७ गते**

अत्यधिक गर्मी बढेपछि सिरहा नगरपालिकाले नगर क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयमा बिहान मात्रै कक्षा सञ्चालन गर्न निर्देशन दिएको छ।

नगरपालिकाको शिक्षा शाखाले बुधबार सूचना जारी गर्दै विद्यार्थीको स्वास्थ्यलाई मध्यनजर गरी साउन २८ गतेदेखि भदौ ८ गतेसम्म विद्यालयमा बिहानी सत्रमा मात्रै कक्षा सञ्चालन गर्न निर्देशन दिएको हो।




नगरपालिकाले जारी गरेको सूचनामा आकस्मिक रूपमा अत्यधिक गर्मी बढेकाले विद्यार्थीको स्वास्थ्यलाई ध्यानमा राख्दै उक्त अवधिभर सबै विद्यालयले अनिवार्य रूपमा बिहान ६ बजेदेखि ११ बजेसम्म कक्षा सञ्चालन गर्नुपर्ने उल्लेख छ।

नगरपालिकाले सामुदायिक तथा संस्थागत विद्यालयलाई सूचनाको पालना गरी तोकिएको समयमा मात्र पठनपाठन सञ्चालन गर्नसमेत आग्रह गरेको छ।

अत्यधिक गर्मीका कारण विद्यालयमा अध्ययनरत विद्यार्थीलाई स्वास्थ्यसम्बन्धी समस्या हुन सक्ने भएकाले गर्मीको प्रभाव कम गर्न बिहानी सत्रमा कक्षा सञ्चालन गर्ने निर्णय गरिएको नगरपालिकाले जनाएको छ।

## जनकपुरमा मिटरब्याजपीडित महिलाले गरिन् अदालत अगाडि आत्मदाह प्रयास



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन २७ गते**

धनुषा जिल्ला अदालत अगाडि एक जना मिटरब्याज पीडित महिलाले शरीरमा पेट्रोल खन्याएर आत्मदाहको प्रयास गरेकी छिन् । जनकपुरधाम उपमहानगरपालिका-४ की फुलकुमारी रजकले बुधबार दिउँसो अदालत परिसर अगाडि आत्मदाहको प्रयास गरेकी हुन्।

मिटरब्याज सम्बन्धी मुद्दामा पीडितहरूले अदालतअगाडि नाराबाजीसहित प्रदर्शन गरिरहेका बेला रजकले अचानक शरीरमा पेट्रोल खन्याएकी थिइन् । प्रहरीले तत्काल हस्तक्षेप गरी उनलाई नियन्त्रणमा लिएपछि सम्भावित दुर्घटना टरेको हो।

आत्मदाहको प्रयासपछि अदालत परिसरमा केही समय तनावपूर्ण

बाँकी पृष्ठ ४



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# मधेशमा विद्युत् पूर्वाधार विस्तार: नयाँ प्रसारण लाइन र सबस्टेसन निर्माण तीव्र



मधेश प्रदेशमा बढ्दो विद्युत् माग सम्बोधन गर्न प्रसारण लाइन तथा सबस्टेसन निर्माणका रणनीतिक आयोजनाले गति लिएका छन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले तत्कालीन विद्युत् माग पूरा गर्नेमात्र नभई उद्योग, व्यवसाय र घरेलु उपभोक्ताबाट आगामी दिनमा थपिने मागसमेत धान्ने गरी प्रसारण संरचना विस्तारलाई प्राथमिकता दिएको हो ।

नयाँ प्रसारण लाइन र सबस्टेसन निर्माणपछि मधेसमा विद्युत् आपूर्ति गुणस्तर तथा विश्वसनीयता सुधार हुने र औद्योगिक विस्तारका लागि आवश्यक ऊर्जा पूर्वाधार तयार हुने अपेक्षा छ ।

निर्माणाधीन आयोजना समयमै सक्न मन्त्रालयले नियमित अनुगमन, समन्वय र सहजीकरण गरिरहेको जनाएको छ ।

ऊर्जामन्त्री विराजभक्त श्रेष्ठका अनुसार मधेशमा विद्युत् माग सम्बोधन गर्ने उद्देश्यले अघि बढाइएका विभिन्न प्रसारण लाइन तथा सबस्टेसन आयोजना निर्माणको महत्त्वपूर्ण चरणमा पुगेका छन् ।

**दसैंअघि बालगंगा सबस्टेसन सञ्चालन गर्ने लक्ष्य**

मधेशमा निर्माणाधीन महत्त्वपूर्ण आयोजनामध्ये ढल्केबर-बालगंगा १३२ केभी प्रसारण लाइन तथा सबस्टेसन आयोजना एक हो । करिब २४ किलोमिटर लामो डबल सर्किट १३२ केभी प्रसारण लाइन नो-लोड अवस्थामा सफलतापूर्वक चार्ज भइसकेको छ ।

बालगंगा सबस्टेसनमा भने सिभिल निर्माण तथा उपकरण जडानको काम तीव्र गतिमा भइरहेको छ । मन्त्रालयले दसैंअघि नै आयोजना सञ्चालनमा ल्याउने लक्ष्य राखेको छ ।

हंसपुर नगरपालिका-९ मा निर्माण भइरहेको सबस्टेसनमा ६३ एमभीए क्षमताको १३२/३३ केभी सबस्टेसन रहने छ । करिब २ अर्ब १३ करोड ६० लाख रुपैयाँ लागत अनुमान गरिएको आयोजना अन्तर्गत ढल्केबर-लोहारपट्टी १३२ केभी लाइनको टावर नम्बर ३० बाट प्रसारण लाइन निकालेर बालगंगा सबस्टेसनमा जोडिने छ ।

सबस्टेसनका पावर ट्रान्सफर्मर सहित अधिकांश प्रमुख उपकरण आयोजना स्थल पुगिसकेका छन् । सिभिल निर्माण अन्तिम चरणमा पुगेको छ भने उपकरण जडानको काम भइरहेको छ । कन्ट्रोल रुम र कर्मचारी आवास भवन निर्माण पनि अन्तिम चरणमा छन् ।

आयोजना सञ्चालनमा आएपछि मुजेलिया, यदुकोहा, धनुषाधाम, वीरेन्द्रबजार, लोहना र नगराइन लगायत क्षेत्रमा विद्युत् आपूर्ति सुधार हुने अपेक्षा छ । यसले समग्र धनुषाको वितरण प्रणाली समेत थप बलियो बनाउने मन्त्रालयको भनाइ छ ।

**सिरहा–सप्तरीमा बढ्दो माग धान्ने तयारी**

मधेशको विद्युत् प्रणालीमा ३३ केभी र ११ केभी वितरण लाइनमा बढ्दो भार प्रमुख चुनौतीका रूपमा देखिएको छ । विशेषगरी सिरहा र सप्तरीका ग्रामीण तथा औद्योगिक क्षेत्रमा विद्युत् माग बढ्दै गएपछि विद्यमान वितरण संरचनाले भविष्यको माग धान्न कठिन हुने अवस्था छ ।

यसलाई सम्बोधन गर्न लहान-सुखीपुर १३२ केभी प्रसारण लाइन आयोजना अघि बढाइएको छ । लहान सबस्टेसनदेखि सुखीपुरमा प्रस्तावित १३२/३३/११ केभी सबस्टेसनसम्म करिब १७ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण भइरहेको छ ।

सुखीपुर सबस्टेसनमा ६३ एमभीएका दुई र २४ एमभीएको एक ट्रान्स्फर्मर जडान गरिने छ । लहान सबस्टेसनमा पनि दुइटा १३२ केभी लाइन बे थपिनेछन् ।

करिब १ अर्ब ५३ करोड लागत अनुमान गरिएको आयोजनाको सम्भाव्यता तथा वातावरणीय अध्ययन सम्पन्न भइसकेको छ । सुखीपुर सबस्टेसनको सीमा पर्खाल निर्माण तथा निर्माण अनुमतिपत्र प्राप्त भइसकेको छ ।

प्रसारण लाइनका टावर निर्माणका लागि आवश्यक जग्गा अधिग्रहण अन्तिम चरणमा पुगेको छ । निर्माण व्यवसायीले २४ महिनाभित्र प्रसारण लाइन निर्माण, परीक्षण तथा सञ्चालनमा ल्याउने गरी काम सुरु गरिसकेको प्राधिकरणले जनाएको छ । बाँकी जग्गा अधिग्रहण आगामी भदौसम्म सम्पन्न गर्ने लक्ष्य छ ।

**सप्तरीमा बोदेबरसाइनसम्म प्रसारण पूर्वाधार**

सप्तरीमा विद्युत् माग र औद्योगिक सम्भावना ध्यान दिँदै रुपनी-बोदेबरसाइन १३२ केभी प्रसारण लाइन आयोजना अघि बढाइएको छ ।

करिब १८ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरी बोदेबरसाइनमा १३२/३३/११ केभी सबस्टेसन स्थापना गर्ने योजना छ ।

प्रस्तावित सबस्टेसनमा ३० एमभीएका दुई र २४ एमभीएको एक ट्रान्स्फर्मर रहनेछन् । रुपनी सबस्टेसनमा दुइटा १३२ केभी लाइन बे थपिनेछन् ।

आयोजना सम्पन्न भएपछि सप्तरीको मध्य तथा दक्षिण-पूर्वी क्षेत्रमा विद्युत् आपूर्ति सुधार हुनुका साथै भविष्यमा थपिने विद्युत् उत्पादन राष्ट्रिय प्रणालीमा जोड्न समेत सहज हुने प्राधिकरणको अपेक्षा छ ।

आयोजनाको अनुमानित लागत करिब १ अर्ब ५६ करोड छ । अध्ययनका काम सम्पन्न भइसकेका छन् भने सबस्टेसनको सीमा पर्खाल निर्माण र निर्माण अनुमतिपत्र प्राप्त भइसकेको छ । लागत अनुमान स्वीकृत भइसकेकाले बोलपत्र सम्बन्धी कागजात तयार गर्ने प्रक्रिया अघि बढाइएको छ ।

**रौतहटको मध्य तथा दक्षिणी क्षेत्रमा पनि क्षमता विस्तार**

रौतहटमा चन्द्रपुर-सरुअठा १३२ केभी प्रसारण लाइन आयोजना मार्फत मध्य तथा दक्षिणी क्षेत्रको विद्युत् आपूर्ति सुधार गर्ने तयारी छ ।

चन्द्रनिगाहपुरस्थित विद्यमान सबस्टेसनदेखि यमुनामाई गाउँपालिका-४ सरुअठामा प्रस्तावित सबस्टेसनसम्म करिब ३७ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरिने छ ।

सरुअठामा १३२/३३/११ केभी सबस्टेसन निर्माण गरी ६३ एमभीएका दुइटा १३२/३३ केभी तथा २४ एमभीएका दुइटा ३३/११ केभी ट्रान्स्फर्मर जडान गर्ने योजना छ ।

प्रसारण लाइन निर्माण भएपछि गौर, मनपुर, सिम्रौनगढ र मौलापुर क्षेत्रका वितरण केन्द्रमा विद्युत् आपूर्ति थप भरपर्दो हुने अपेक्षा गरिएको छ ।

आयोजनाको करिब ७ किलोमिटर प्रसारण लाइन राष्ट्रिय वन क्षेत्र हुँदै जाने भएकाले वन क्षेत्रको स्वीकृति तथा टावरका लागि जग्गा अधिग्रहणको काम भइरहेको छ ।

विस्तृत सम्भाव्यता तथा वातावरणीय अध्ययन, सबस्टेसनका लागि जग्गा अधिग्रहण, सीमा पर्खाल र सुरक्षा भवन निर्माण लगायत अधिकांश पूर्वनिर्माणका काम भने सम्पन्न भइसकेका छन् ।

प्रसारण लाइनको चेक सर्भे, टावर प्रोफाइलिङ, पेगिङ, पिट मार्किङ तथा कित्ता नक्सासम्बन्धी काम पनि पूरा भएको छ ।

करिब ९३ करोड ८२ लाख ४० हजार रुपैयाँमा गत जुलाईमा निर्माण व्यवसायीसँग सम्झौता भएको आयोजनाको निर्माण अवधि ३० महिना तोकिएको छ । सरुअठा सबस्टेसनका लागि खरिद प्रक्रिया पनि अघि बढिरहेको छ ।

**बारा–पर्साको औद्योगिक करिडोरमा उच्च क्षमताको लाइन**

औद्योगिक करिडोरका रूपमा विकसित बारा-पर्सामा विद्युत् माग तीव्र बढिरहेका बेला हेटौंडा-परवानीपुर-पोखरिया १३२ केभी प्रसारण लाइन आयोजनालाई पनि प्राथमिकतामा राखिएको छ ।

आयोजना अन्तर्गत परवानीपुरदेखि पोखरियासम्म २१.२१ किलोमिटर लामो १३२ केभी चार सर्किट प्रसारण लाइन निर्माण गरिने छ । पोखरियामा नयाँ १३२/३३/११ केभी सबस्टेसन स्थापना तथा परवानीपुर सबस्टेसनमा बे विस्तार गरिने छ ।

यसअघि पिलुवा (पथलैया)-परवानीपुर १७ किलोमिटर १३२ केभी डबल सर्किट लाइनमा हाई टेम्प्रेचर लो स्याग कन्डक्टर मार्फत पुनः कन्डक्टरिङको काम सम्पन्न भइसकेको छ ।

पोखरिया सबस्टेसनमा कन्ट्रोल रुम, कर्मचारी आवास, स्टोर, गार्ड हाउस तथा उपकरण र ट्रान्स्फर्मर फाउन्डेसन निर्माण भइरहेका छन् । चार सर्किट टावर डिजाइन स्वीकृत भइसकेको छ भने संशोधित प्रारम्भिक वातावरणीय परीक्षण पनि स्वीकृत भइसकेको छ ।

बोलपत्र प्रक्रिया सम्पन्न गरी चिनियाँ कम्पनीसँग निर्माण सम्झौता भइसकेको प्राधिकरणले जनाएको छ । आयोजना सन् २०२७ सेप्टेम्बरसम्म सम्पन्न गर्ने लक्ष्य छ ।

## सम्पादकीय...

### सिरहामा मलको आवश्यकता र वितरणमा वेथिति

कृषिप्रधान मुलुक नेपालमा रासायनिक मल किसानका लागि विलासिताको वस्तु होइन, उत्पादनसँग प्रत्यक्ष जोडिएको अत्यावश्यक कृषि सामग्री हो । समयमा मल नपाउँदा किसानको उत्पादन घट्छ, लागत बढ्छ र कृषि पेसाप्रतिको आकर्षणसमेत कमजोर हुन्छ । त्यसैले सरकारले अनुदानमा उपलब्ध गराउने मलको सहज, समयमै र न्यायोचित वितरण गर्नु राज्यको आधारभूत दायित्व हो । तर, किसानका लागि अत्यावश्यक मलको वितरणमै कोटा निर्धारण र भागबन्डाको विषयमा प्रश्न उठ्नु गम्भीर चिन्ताको विषय हो । सिरहा नगरपालिकाका लागि सिफारिस गरिएको १३२ मेट्रिक टन डीएपी मलको वितरण प्रदेश सरकारले तत्काल रोकेको घटनाले यो प्रश्न उठाएको छ । केही सहकारीलाई अत्यधिक परिमाणमा मल बाँडफाँड गरिएको देखिएपछि प्रदेश सरकारले कोटा निर्धारणको आधार, मापदण्ड र स्थानीय समितिको निर्णय प्रक्रियाबारे प्रमाणित कागजात माग्नु स्वाभाविक र आवश्यक कदम हो । अनुदानको मल सीमित स्रोत भएकाले यसको वितरण पारदर्शी र समानुपातिक हुनैपर्छ ।

मल वितरणमा सहकारीको भूमिका महत्वपूर्ण छ । किसानसम्म मल पुऱ्याउने माध्यमका रूपमा सहकारीलाई जिम्मेवार बनाउनु उचित हो । तर, यही भूमिकालाई आधार बनाएर पहुँच भएका वा प्रभावशाली सहकारीलाई आवश्यकताभन्दा बढी मल दिने प्रवृत्ति स्वीकार्य हुन सक्दैन् । एउटा सहकारीले अत्यधिक कोटा पाउँदा वास्तविक किसान मलबाट वञ्चित हुने अवस्था आउँछ भने त्यसले राज्यको अनुदान प्रणालीको उद्देश्य नै पराजित गर्छ । सिरहा नगरपालिकाको घटनामा कोटा कसरी निर्धारण भयो, कुन आधारमा कुन सहकारीलाई कति मल दिइयो र त्यसका लागि किसानको वास्तविक आवश्यकता कसरी मूल्यांकन गरियो भन्ने कुरा सार्वजनिक हुनुपर्छ । स्थानीय समितिको निर्णय भएको भए त्यसको आधार र प्रक्रिया पनि पारदर्शी हुनुपर्छ । छानबिनको उद्देश्य कसैलाई दोषी करार गर्नु मात्र होइन, भविष्यमा यस्ता विवाद दोहोरिन नदिने स्पष्ट प्रणाली निर्माण गर्नु हुनुपर्छ ।

मलको अभाव आफैंमा समस्या हो, तर अभावभन्दा पनि गम्भीर समस्या सीमित मलको अपारदर्शी वितरण हो । किसानले बजारमा महँगो मूल्य तिरेर मल खोज्नुपर्ने र अर्कोतिर सरकारी अनुदानको मल निश्चित समूहको पहुँचमा बढी पुग्ने अवस्था सिर्जना भयो भने त्यसले कृषि क्षेत्रप्रतिको राज्यको प्रतिबद्धतामाथि नै प्रश्न उठाउँछ । त्यसैले प्रदेश सरकारको रोक आदेश प्रशासनिक हस्तक्षेपका रूपमा होइन, वितरण प्रणालीलाई सच्याउने अवसरका रूपमा लिनुपर्छ । नगरपालिकाले कोटा निर्धारणका सम्पूर्ण आधार र निर्णय सार्वजनिक गर्नुपर्छ । प्रदेश सरकारले आवश्यकताका वस्तुगत सूचक तय गरी सबै स्थानीय तहमा एउटै मापदण्ड लागू गर्नुपर्छ । सहकारीले पनि किसानको नाम, क्षेत्रफल र वास्तविक आवश्यकता जस्ता आधारमा मल वितरण गर्ने व्यवस्था कडाइका साथ पालना गर्नुपर्छ । किसानलाई मल चाहिएको छ, आश्वासन होइन । मल वितरणमा पारदर्शिता, समानुपातिकता र जवाफदेहिता सुनिश्चित नभएसम्म अनुदानको वास्तविक लाभ किसानसम्म पुग्न सक्दैन । सिरहाको घटनाले देखाएको कमजोरीलाई समयमै सच्याएर मल वितरण प्रणालीलाई पहुँच र प्रभावबाट मुक्त, आवश्यकतामा आधारित र किसानमुखी बनाउनु नै अहिलेको प्रमुख आवश्यकता हो । राज्यको सीमित स्रोतमा कसैको भाग बढी र किसानको भाग कम हुनु हुँदैन् ।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

## आजको राशिफल

**मेष** : आज मनमा केही अस्थिरता वा चिन्ता रहन सक्छ । घर-परिवार र आमाको स्वास्थ्यमा विशेष ध्यान दिनुहोला ।

**बृष** : तपाईंको पराक्रम र आत्मबलमा वृद्धि हुनेछ । दाजुभाइ तथा नजिकका साथीभाइबाट राम्रो सहयोग प्राप्त हुनेछ ।

**मिथुन** : आर्थिक दृष्टिकोणले आजको दिन निकै फलदायी रहनेछ । परिवारमा खुसी र सुख-शान्तिको वातावरण कायम रहनेछ ।

**कर्कट** : मानसिक ऊर्जा र उत्साह भरपूर रहनेछ । व्यक्तित्व प्रभावशाली बन्नेछ र सामाजिक काममा रुचि बढ्नेछ ।

**सिंह** : खर्चमा केही वृद्धि हुन सक्ने भएकाले बजेट नियन्त्रणमा राख्नुहोला ।

**कन्या** : आम्दानी र लाभका नयाँ स्रोतहरू फेला पर्नेछन् । सोचेका योजनाहरू सजिलै सम्पन्न हुनाले मन प्रसन्न रहनेछ ।

**तुला** : दशम भावमा चन्द्रमाको उपस्थिति रहेकाले कार्यक्षेत्रमा ठूलो सफलता र मान-सम्मान प्राप्त हुनेछ ।

**वृश्चिक** : भाग्यको पूर्ण साथ मिल्नेछ । धार्मिक तथा सामाजिक कार्यमा रुचि बढ्नेछ ।

**धनु** : व्यापार-व्यवसायमा नयाँ साझेदारी र लाभको योग छ । दाम्पत्य जीवन र प्रेम सम्बन्धमा आत्मीयता र मधुरता थपिनेछ ।

**मकर** : प्रतिस्पर्धा र परीक्षामा सफलता मिल्नेछ । शत्रु तथा विरोधीहरू स्वतः परास्त हुनेछन् ।

**कुम्भ** : बुद्धि र विवेकको सही प्रयोगले रोकिएका काम बन्नेछन् । अध्ययन-अध्यापनमा रुचि बढ्नेछ ।

**मीन** : सिर्जनात्मक र कलात्मक क्षेत्रमा लागेका व्यक्तिहरूका लागि आजको दिन विशेष फलदायी रहनेछ ।

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# राजनीतिक खिचातानीको मारमा स्थानीय गौरवका आयोजना



**सिरहा, साउन २७ गते।** पाँच वर्षअघि सङ्घीय सरकारको ७० प्रतिशत र लहान नगरपालिकाको ३० प्रतिशत लागतमा निर्माण सुरु भएको लहान-१७ स्थित देवीदह पर्यटकीय आयोजना अहिले अलपत्र अवस्थामा छ।

२० बिघा क्षेत्रफलमा फैलिएको धार्मिक तथा पर्यटकीय क्षेत्रको सौन्दर्यकरणका लागि आर्थिक वर्ष २०७७/७८ मा रु छ करोड ९३ लाख बजेट स्वीकृत भएको थियो। निर्माण कम्पनी 'विकास एण्ड बस्नेत कन्स्ट्रक्सन प्रालि'सँग सम्झौता भई करिब २० प्रतिशत काम सकिए पनि त्यसपछि आयोजना अघि बढ्न सकेको छैन। विगत चार वर्षदेखि निर्माणको काम रोकिएको छ।

लहान बजारदेखि देवीदहसम्म पुग्ने नौ किलोमिटर सडक ग्राभेल भइसकेको थियो भने पोखरी परिसरमा बन्ने अन्य संरचनाको तयारीसमेत अघि बढेको थियो। चारैतिर घेराबार, इन्टरलक, बोटिङ, स्वीमिङ पुललगायतका संरचना बनाएर यस क्षेत्रलाई प्रमुख पर्यटकीय गन्तव्य बनाउने महत्वाकाङ्क्षी योजना अघि सारिएको थियो।

देवीदह वन उपभोक्ता समितिका अध्यक्ष कपलेश्वर यादवले भने, "त्यतिबेला पोखरीलाई व्यवस्थित गरेर पर्यटकीय गन्तव्य बनाउने योजना निकै उत्साहका साथ अघि बढेको थियो। सडक निर्माणदेखि पोखरी परिसरमा विभिन्न संरचना बनाउने तयारीसम्म काम अगाडि बढिसकेको थियो। आयोजना पूरा भएको भए देवीदहको स्वरूप नै फेरिन सक्थ्यो।" तर अहिले पोखरी वरिपरि निर्माण हुन थालेका संरचनाका अवशेष मात्रै देखिन्छन्।

विसं २०७९ को स्थानीय तह निर्वाचनपछि परिस्थिति फेरियो। लहान-१७ का वडाध्यक्ष प्रथमलाल चौधरीका अनुसार, नयाँ नेतृत्व आएपछि पूर्वनगरप्रमुख मुनि साहको पालामा सुरु भएका आयोजनाहरूको सूची तयार गरी नवीकरण र बजेट निकासा रोकियो।

सङ्घीय सरकारको करिब रु ८० लाख खर्च भइसकेपछि आयोजनाको बाँकी काम रोकियो। नगरपालिकाले आफ्नो हिस्सामा रहेको ३० प्रतिशत बजेट व्यवस्थापन नगर्दा र भुक्तानी नदिँदा अन्ततः निर्माण कम्पनीले काम अलपत्र छाडेर हिँड्न बाध्य भएको वडाध्यक्ष चौधरी बताउँछन्। उनले भने, "हामीले पटक-पटक यो आयोजना निरन्तरता दिन आग्रह गर्यौं। तर बजेट व्यवस्थापन भएन। अन्ततः निर्माण कम्पनी अधुरै काम छाडेर हिँड्न बाध्य भयो।"

तर अहिलेका नगरप्रमुख महेशप्रसाद चौधरी भने योजनाहरू राजनीतिक पूर्वाग्रहका कारण नभई वित्तीय जटिलताका कारण रोकिएको बताउँछन्। "हामी विकासविरोधी होइनौँ, न त पूर्वाग्रह राखेर काम रोक्ने पक्षमा छौँ। विगतको नेतृत्वले प्रक्रियागत वैधता, प्राविधिक तयारी र बजेटको स्रोत सुनिश्चितता नै नगरी केवल लोकप्रिय बन्ने हतारोमा ठूला योजनाहरू अघि बढाएको देखिन्छ," नगरप्रमुख चौधरीले स्पष्ट पारे, "स्रोत नखुलेका र हतारमा ठेक्का लगाइएका आयोजनाले गर्दा पालिकामा गम्भीर वित्तीय जटिलता पैदा हुने भएकाले कतिपय आयोजना रोकिएका हुन्। म निर्वाचित भएर आइसकेपछि कतिपय पुराना आयोजनाहरूको प्राविधिक मूल्याङ्कन, कानुनी प्रक्रिया र स्रोत व्यवस्थापनको अवस्था हेरेर पारदर्शी रूपमा अगाडि बढाइएको छ।"

सिरहाका अन्य नगरपालिकाहरूमा पनि बहुवर्षीय आयोजनाहरू राजनीतिक खिचातानी, नयाँ नेतृत्वको बेवास्ता र बजेटको स्रोत सुनिश्चितताबिना सुरु गरिएका आयोजनाहरू अहिले बिचमै रोकिएका छन्।

बाँकी पृष्ठ ४ ▶▶




# रास्वपा वैकल्पिक होइन, निर्विकल्प शक्ति बन्नुपर्छ : रवि लामिछाने

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २७ गते**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्वउपप्रधानमन्त्री रवि लामिछानेले आफ्नो पार्टी वैकल्पिक शक्ति मात्र नभई देशको 'निर्विकल्प' शक्ति बन्नुपर्ने बताएका छन्।

बुधबार काठमाडौंमा आयोजित कार्यक्रमलाई सभापति लामिछानेले समाजमा तत्कालै नतिजा खोज्ने प्रवृत्ति बढ्दै गएको र यसले अस्थिरता निम्त्याउने बताए।

उनले आजको भोलि नै परिणाम खोज्ने 'लत' ले गर्दा बारम्बार विकल्पको खोजी भइरहने उल्लेख गर्दै रास्वपा विकल्प खोज्न नभई स्वयं एउटा ठोस विकल्प बन्न आएको स्पष्ट पारे।

पार्टीको सांगठनिक संरचनाका बारेमा चर्चा गर्दै उनले जगभन्दा संरचना (स्ट्रक्चर) ठूलो भएको स्वीकार गरे।

जनताको तीव्र परिवर्तनको चाहना र भरोसाका कारण पार्टीको जग बलियो हुनुभन्दा अगावै यसले ठूलो आकार लिएको उनको भनाइ छ।

उनले भने, 'विकल्प खोज्नु मात्र समाधान होइन, आफैँमा भरपर्दो विकल्प बन्नु मुख्य कुरा हो। रास्वपा वैकल्पिक शक्ति मात्र होइन, निर्विकल्प शक्ति बन्नुपर्छ। जब कोही सही बाटोबाट विचलित हुन्छ र जनआवाज सुन्न छाड्छ, तब मात्र विकल्पको खोजी हुन्छ। तर हामीले यस्तो काम गर्नुपर्छ कि जनताले हाम्रो अर्को विकल्प खोज्नु नपरोस्। जग बलियो नबनाई संरचना मात्र विशाल भएर हुँदैन।'

उनले थपे, 'युवाहरूको चाहना र परिवर्तनको आवश्यकताले गर्दा रास्वपा जगले धान्न सक्नेभन्दा ठूलो आकारको बनेको हो कि भन्ने मलाई महसुस हुन्छ। अब यसलाई सुरक्षित र सुदृढ बनाउन जहाँ-जहाँबाट आवश्यक पर्छ, त्यहाँ टेको दिएर अड्याउन हामी तयार हुनुपर्छ।'



उनले पार्टीलाई जगैदेखि मजबुत बनाउँदै आगामी दिनमा जिम्मेवार ढंगले अघि बढ्ने प्रतिबद्धता समेत व्यक्त गरे।

## मधेश सरकारको 'प्लान बी' : संघ सरकार तयार .............

प्रदेश सरकारको आरोप छ।

**'स्रोतको सकंट हुन सक्छ'**

संघको अनुमतिबिना प्रदेश प्रहरी भर्ना भए आर्थिक भार थेग्न प्रदेशलाई कठिन हुने जानकारहरू बताउँछन्। प्रदेश सरकारले आफ्नो अधिकार प्रयोगका लागि अग्रसरता देखाउनु सकारात्मक भए पनि स्रोतको व्यवस्थापनका लागि संघसँग समन्वय हुनैपर्ने पूर्व सांसद प्रह्लाद लामिछाने बताउँछन्। "शक्ति बाँडफाँट र अधिकार प्रयोग न्यायोचित रूपमा हुनुपर्छ। सन्दुक र बन्दुक बिनाको संघीयता प्रभावकारी हुँदैन। संघले प्रादेशिक ऐनअनुसार प्रहरी भर्नाका लागि धेरै आलटाल गर्नुहुँदैन," उनले भने।

अर्थशास्त्री डा. भोगेन्द्र झाले पनि आर्थिक पाटोमै चिन्ता व्यक्त गरे। समायोजन हुँदा प्रहरीसँगै तलबको बोझ पनि आउने भएकाले प्रदेशले पहिला स्रोत सुनिश्चित गर्नुपर्ने उनको मत छ। संघीय सरकारको स्वीकृति पछि कार्यान्वयनमा ल्याउँदा ल्याउँदा प्रदेश सरकारलाई कम भार पर्ने उनको टिप्पणी छ। "संघको अनुमति बिना प्रदेश प्रहरी भर्ना गर्दा आर्थिक चिन्ता छँदैछ, त्योसँगै तालिम कसले दिने भन्ने पनि समस्या आउन सक्छ," अर्थशास्त्री झाले भने, "संघको अनुमित बिना आएपछि उसको प्रहरीले किन प्रशिक्षण कसरी दिन्छ? राम्रो प्रशिक्षण नपाए प्रहरीले आफ्नो कर्तव्य कसरी निर्वाह गर्छ?"

**ऐनमा के-के व्यवस्था छ ?**

ऐनले प्रदेश प्रहरी संगठनलाई पूर्ण रूपमा समावेशी बनाउने लक्ष्य राखेको छ। दफा ९ अनुसार खुला पदपूर्तिमध्ये ४५ प्रतिशत पद आरक्षणका लागि सुरक्षित गरिएको छ। जसमा मधेशी (४४.३६%), दलित (१७.२९%), मुस्लिम (११.५८%), आदिवासी/जनजाति (६.६१%), थारु (५.२७%), र आर्थिक रूपले विपन्न खस आर्य (४.८९%) को स्पष्ट कोटा तोकिएको छ। यी सबै आरक्षित समूहभित्र ५० प्रतिशत पद अनिवार्य रूपमा महिलाका लागि आरक्षित गरिएको छ। यसबाहेक महिलाका लागि छोटो परीक्षणकालको व्यवस्था छ। प्रहरी सेवामा प्रवेश गर्दा पुरुष कर्मचारीको परीक्षणकाल एक वर्ष तोकिएको छ भने महिला प्रहरी कर्मचारीको हकमा यो अवधि ६ महिना मात्र तोकी महिला अनुकूल व्यवस्था गरिएको छ।

ऐनको दफा ९२ ले प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालना गर्दा वा अपराध रोकथाम र अनुसन्धानको सिलसिलामा असल नियतले गरेको काममा व्यक्तिगत सजाय वा जरिवाना नहुने कानुन हक प्रदान गरेको छ।

**कुन-कुन प्रहरी छन् ?**

ऐनको दफा ४ को उपदफा (१)मा ५ वटा समूहमा प्रहरीलाई विभाजन गरिएको छ। जनपद प्रहरी समूह, प्राविधिक प्रहरी समूह, पर्यटक प्रहरी, सामुदायिक प्रहरी र ट्राफिक प्रहरी समूह बनाइएको छ। यस्तै दफा ५ मा श्रेणी र पद बारे व्यवस्था गरिएको छ। पाँच वटा श्रेणीमा ११ वटा पदलाई वर्गीकृत गरिएको छ। राजपत्राङ्कित विशिष्ट श्रेणीमा प्रहरी महानिरीक्षक, प्रथम श्रेणीमा प्रहरी नायव महानिरीक्षक र वरिष्ठ प्रहरी उपरीक्षक रहेका छन्। द्वितीय श्रेणीमा प्रहरी उपरीक्षक र प्रहरी नायव उपरीक्षक रहेका छन् भने तृतीय श्रेणीमा प्रहरी निरीक्षक रहेका छन्। सोभन्दा मुनिका प्रहरी नायव निरीक्षकदेखि चौथो तह प्रहरी जवान स्तरअनुसार रहेका छन्। यसबाहेक श्रेणीविहीनमा प्रहरी कार्यालय सहयोगी वा सो सरह राख्ने व्यवस्था छ।

ऐनको परिच्छेद ३ को दफा ९ मा पदपूर्ति तथा भर्ना सम्बन्धी व्यवस्था गरिएको छ। दफा ९ को उपदफा (४)मा प्रहरी कार्यालय सहयोगी र प्रहरी जवान शतप्रतिशत खुला प्रतियोगिताबाट भर्ना गरिने व्यवस्था ऐनमा गरिएको छ। प्रहरी हवलदार, प्रहरी नायव निरीक्षक र प्रहरी उपरीक्षक वा सोभन्दा माथिल्लो तहको पदपूर्ति शतप्रतिशत बढुवाद्वारा गरिने प्रावधान छ। प्रहरी सहायक निरीक्षक र प्रहरी निरीक्षक ५० प्रतिशत खुल्ला प्रतियोगिता र ५० प्रतिशत बढुवाद्वारा पदपूर्ति गरिने ऐनमा उल्लेख गरिएको छ।

**पाँच वर्षसम्म नोकरी छोड्न नपाइने**

ऐनको दफा ४९(१) अनुसार नियुक्ति भएको पाँच वर्ष नपुग्दासम्म कुनै पनि प्रहरी कर्मचारीले राजीनामा दिन नपाउने व्यवस्था गरेको छ। ऐनको दफा ६८ मा सामान्य विभागीय सजाय अन्तर्गत "यातना नहुने गरी शारीरिक परिश्रम गराउने वा नियन्त्रणमा राख्ने" व्यवस्था छ। दफा ९१ मा स्पष्ट रूपमा "बिदा अधिकारको कुरा होइन" भनी उल्लेख गर्दै बिदा स्वीकृत गर्ने वा नगर्ने कुरा अधिकारीको तजबिजमा छाडिएको छ।

दफा ५४, ५५ र ५९ अनुसार प्रहरी कर्मचारीले सरकारको पूर्व स्वीकृति विना सञ्चारमाध्यम (रेडियो, टिभी, सामाजिक सञ्जाल) मा कुनै लेख प्रकाशन गर्न, अभिव्यक्ति दिन, वा आफूमाथि लागेको आरोपका सम्बन्धमा स्पष्टीकरण दिन प्रेसको सहारा लिन नपाउने कडा प्रतिबन्ध लगाएको देखिन्छ। यसले गर्दा भित्रै अन्यायमा परेका प्रहरीले पनि बाहिर आवाज उठाउन नपाउने देखिन्छ। दफा ७५ ले परीक्षणकालमा चित्तबुझ्दो काम नगरेमा वा मेडिकल बोर्डले अनुपयुक्त ठहर भएमा कर्मचारीलाई सफाइको मौका समेत नदिई सोझै सेवाबाट हटाउन सकिने प्रावधान राखेको छ।

**प्रहरी भर्नाको माग गर्दै धर्ना**

मधेश प्रदेश सरकारले आफ्नै प्रहरी भर्नाको माग गर्दै पटक-पटक धर्ना र दबाबमूलक कार्यक्रम समेत गर्‍यो। प्रदेश सरकारले मधेश भवनको प्रशासनिक भवन रहेको जनकपुर चुरोट कारखाना २०७९ साउन ३ गते धर्ना गरेको थियो। संघीय सरकारको ध्यानाकर्षण गराउन उक्त आन्दोलन गरिएको थियो। यसमा प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री लालबाबु राउतसहित सबै मन्त्रीहरूले उपस्थिति जनाएका थिए। प्रदेश सरकारले प्रदेश प्रहरी ऐन ल्याएको दुई वर्षपछि संघीय प्रहरी ऐन प्रतिनिधि सभाबाट पारित भएको थियो। त्यसपछि पनि कार्यान्वयनमा नजाँदा आन्दोलनमा उत्रिनु परेको तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले बताएका थिए। उक्त आन्दोलन गर्नुअघि मधेश प्रदेश सरकारले सात दिने अल्टिमेटमसहित प्रदेश प्रमुख हरिशंकर मिश्रमार्फत प्रहरी समायोजनका लागि तत्कालीन प्रधानमन्त्री शेर बहादुर देउवालाई ध्यानाकर्षण पत्र बुझाएको थियो।

२०७५ कार्तिक ६ गते जनकपुरधाम आएको बेला पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रदेश सरकारले बनाएको प्रदेश प्रहरी ऐनप्रति असन्तुष्टि जनाएका थिए। उनले प्रदेश प्रहरी ऐन र सरकारको कामप्रति लक्षित गर्दै भनेका थिए, 'ओभरटेक गर्‍यो भने दुर्घटना हुन्छ, दुर्घटना हुने गरी अगाडी नबढौं।'

त्यसयता प्रचण्ड नेतृत्वको पार्टी अधिकांश समय मधेश प्रदेश सरकारमा सत्तारुढ दलको रूपमा सहभागी रह्यो। दुई पटक प्रचण्ड नेतृत्वकै पार्टीले मधेश प्रदेशको गृहमन्त्रीको जिम्मेवारी पायो। तत्कालीन गृह मन्त्री भरतप्रसाद साहले प्रदेश प्रहरी भर्नाको माग गर्दै संघीय सरकारविरुद्ध आन्दोलन नै अगाडि बढाएका थिए। अहिले पनि प्रचण्ड नेतृत्वकै पार्टीबाट फकिरा महतो प्रदेशको गृहमन्त्री बनेका छन्। उनले पनि पहलकदमी लिएर प्रदेश प्रहरी भर्ना गर्न संघर्ष गरिरहेका छन्।

# पत्रकार किशोर श्रेष्ठ पक्राउ, के छ आरोप ?

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २७ गते**

पत्रकार किशोर श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। ललितपुरस्थित उनको निवासबाट प्रहरीले बुधबार साझ पक्राउ गरेको प्रहरी उच्च स्रोतले पुष्टि गरेको छ।

श्रेष्ठलाई पक्राउ गर्न उपत्यका अपराध अनुसन्धान कार्यालय र जिल्ला प्रहरी परिसर काठमाडौंको टोली परिचालित थियो। उनीविरुद्ध वैयक्तिक गोपनियतासम्बन्धी ऐन, २०७५ विपरितको कसुर गरेको आरोपमा अनुसन्धानका लागि पक्राउ गरिएको प्रहरीको भनाइ छ। उनी जनआस्था साप्ताहिका सम्पादक हुन्।

जिल्ला प्रहरी परिसर, काठमाडौंका



एसएसपी दिलिप घिमिरेले अपन दैनिकसँग कुरा गर्दै श्रेष्ठविरुद्ध एक जना पीडितले उजुरी दिएको बताए । 'केही दिनअघि उहाँको सञ्चारमाध्यममा आएको तस्विरसँग सम्बन्धित विषय हो,' उनले अपन दैनिकसँग भने, 'अहिलेसम्म एउटा मात्र उजुरी आएको हो।'

हाल उनलाई जिल्ला प्रहरी परिसर, काठमाडौंकै हिरासतमा राखिएको छ। विहीबार अदालतमा उपस्थित गराउने तयारी छ।

उपसभामुख रुवीकुमारी ठाकुरले पनि बुधबार जनआस्था डटकमको सामाजिक सञ्जाल पेजबाट आफ्नो तस्विरसहित आपत्तिजनक र धम्क्याउने किसिमको सामग्री प्रकाशित भएको भन्दै प्रेस काउन्सिल नेपालमा उजुरी दिएकी थिइन्। उनको उजुरीमा सामग्रीमा उल्लिखित आरोप र दाबीको स्रोत तथा प्रमाण झिकाई निष्पक्ष छानबिन गर्न माग गरिएको थियो।






## राजनीतिक खिचातानीको मारमा स्थानीय गौरवका ............

धनगढीमाई नगरपालिकामा तत्कालीन नगरप्रमुख हरिनारायण चौधरीको कार्यकालमा २०७५ सालमा रु १७ करोड लागतमा १५ शय्याको नगर अस्पतालको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) स्वीकृत गरी निर्माण सुरु गरिएको थियो।

दुई वर्षमा सक्नुपर्ने यो आयोजना नयाँ नेतृत्वमा शिवशङ्कर महतो आएपछि भुक्तानी रोकिएर अधुरै छ, जसका कारण स्थानीयवासी पुरानो जीर्ण स्वास्थ्यचौकीबाटै सेवा लिन बाध्य छन्। यसका साथै जनता मावि बेतहा, जनता मावि पूर्वहनुमाननगर, जनता मावि तीनकोनी प्राविधिक विद्यालय र मदन भण्डारी माविका निर्माणाधीन भवनहरू पनि बजेट अभावमा रोकिएका छन्।

धनगढीमाई-१० मा २०७५ सालमा भारतीय दूतावासको सहयोगमा निर्माण गरिएको देशकै एकमात्र स्थानीय तहद्वारा सञ्चालित प्राकृतिक अस्पताल पनि सञ्चालनको अन्तिम तयारीमा पुगेर बन्द हुने अवस्थामा छ। पूर्व नगरप्रमुख हरिनारायण चौधरीले भने, "माटो, पानी, बाफ र मालिसबाट उपचार गरिने यो अस्पताल पछिल्लो नेतृत्वको चरम बेवास्ताका कारण बन्द हुन पुगेको हो।" नयाँ नेतृत्वले पुरानो आयोजनाको दायित्व स्वीकार नगर्दा स्थानीय आयोजना लथालिङ्ग भएको उनको भनाइ छ।

उता वर्तमान नगरप्रमुख शिवशङ्कर महतो भने विगतको नेतृत्वले नियमविपरीत सिर्जना गरेको दायित्वका कारण समस्या पैदा भएको बताउँछन्। "विगतमा स्रोत सुनिश्चितता नगरी प्रक्रिया मिचेर ठेक्का लगाइएका योजनाहरूमा कानुनी र वित्तीय जटिलता आएको हो," प्रमुख महतोले भने, "हामीले प्रतिशोध राखेका होइनौं। बेरुजु नआउने गरी रोकिएका योजना सञ्चालन गर्ने र कार्यविधि बनाएर अस्पताल तथा विद्यालय भवनका अधुरा काम पुरा गर्ने तयारीमा छौं।"

गोलबजार नगरपालिकामा पनि अवस्था उस्तै छ। तत्कालीन नगरप्रमुख देवनाथ साहको पालामा २०७७ सालमा रु २८ करोड लागतमा सुरु भएको बहुवर्षीय नगर भवन चार तला ढलान सम्पन्न भएर अन्तिम चरणमा पुगेको थियो।

निर्माण सम्पन्न हुने चरणमा पुगेको उक्त भवनको ठेक्का रद्द गरिएपछि अहिले बनेको संरचनासमेत रेखदेखको अभावमा जीर्ण बन्दै गएको छ भने नगरपालिका साँघुरो भवनबाट सेवा प्रवाह गर्न बाध्य छ। उता निर्माण कम्पनीले उच्च अदालत पाटनमा 'स्टे अर्डर'को माग गर्दै रिट हालेको छ।

गोलबजारका वर्तमान नगरप्रमुख श्याम श्रेष्ठ भने ठेकेदारको ढिलासुस्तीका कारण ठेक्का तोड्नुपरेको तर्क गर्छन्। "हामीले आयोजना रोकेका होइनौं, ठेकेदारले तोकिएको समयमा काम नगरेकाले कानुनी प्रक्रियाअनुसार ठेक्का रद्द गरिएको हो," प्रमुख श्रेष्ठले भने, "अहिले अदालतमा मुद्दा विचाराधीन अवस्थामा भएकाले नयाँ प्रक्रियाबाट नगर भवन सम्पन्न गर्ने योजना रोकीएको छ।"

नेपालको संविधानअनुसार स्थानीय सरकार एक अविच्छिन्न उत्तराधिकारवाला निकाय हो। आवधिक निर्वाचनबाट नेतृत्व फेरिए पनि संस्थाको दायित्व, सम्पत्ति र सुरु भइसकेका विकास आयोजनाहरूको निरन्तरता रोकिनु हुँदैन। सार्वजनिक खर्च व्यवस्थापनका दृष्टिकोणबाट पनि काम भइसकेका आयोजनाको भुक्तानी रोक्नु र निर्माणाधीन संरचना छाड्नुले वित्तीय अनुशासन विथोलिने विज्ञहरूको भनाइ छ।

अर्थशास्त्री धरणीधर अधिकारीका अनुसार बीचमै आयोजना रोकिँदा सबैभन्दा ठूलो नोक्सानी करदाताको हुन्छ। "निर्माणमा सार्वजनिक पैसा खर्च भइसकेपछि त्यसबाट समयमै सेवा उत्पादन हुन नसक्नु भनेको सार्वजनिक स्रोतको क्षति हो। बिना प्रतिफलको खर्च मात्रै हो। भुक्तानी रोकिँदा कानुनी दायित्व र बेरुजु दुवै बढ्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि पालिकालाई अविच्छिन्न उत्तराधिकारवाला संस्था मानेकाले अघिल्लो सरकारले सुरु गरेको भन्दै आयोजना रोक्नु वित्तीय अनुशासन र सार्वजनिक उत्तरदायित्व दुवैका दृष्टिले उचित होइन," उनले भने।

राजनीतिक नेतृत्वको दलीय अडान र प्रक्रियागत उल्झनको मारमा स्थानीय नागरिक परेका छन्। लहानका स्थानीय सत्यनारायण चौधरी आफ्नो आक्रोश पोख्दै भन्छन्, "चुनावमा नेताहरू बदलिन्छन्, तर हाम्रो दुःख उस्तै रहन्छ। अघिल्ला मेयरले सुरु गरेको काम अहिलेकाले रोक्ने हो भने हाम्रो करको पैसा यसैगरी बालुवामा पानी कहिलेसम्म भइरहने ?"

राजनीतिक विश्लेषक तथा लेखक राजेश विद्रोहीका अनुसार समस्या व्यक्ति परिवर्तनभन्दा पनि राजनीतिक संस्कृतिमा छ। उनले भने, "स्थानीय सरकार व्यक्ति होइन, संस्था हो। निर्वाचनले नेतृत्व परिवर्तन गर्छ, राज्यको दायित्व परिवर्तन गर्दैन। तर हामीकहाँ विकास आयोजना पनि राजनीतिक स्वामित्वको विषय बनाइन्छ। जसले सुरु गऱ्यो उसैले जस पाउने मानसिकताले अर्को नेतृत्वले निरन्तरता दिन चाहँदैन। यसको मूल्य अन्ततः नागरिकको टाउकोमा थोपरिन्छ।" रासस

# किर्ते हाजिरी गरेर तलब भुक्तानी, प्रधानाध्यापक र शिक्षिकाविरुद्ध भ्रष्टाचार मुद्दा

**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन २७ गते**




सर्लाहीको मलंगवास्थित श्रीमती कृष्णादेवी जनता माध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक र एक शिक्षकविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ।

विद्यालयमा अनुपस्थित शिक्षकको फर्जी हाजिरी बनाएर गैरकानुनी रूपमा तलब निकासा गरी सरकारी रकम हिनामिना गरेको अभियोगमा अख्तियारले मंगलबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको हो।

मुद्दा दायर गरिएकामा विद्यालयका तत्कालीन प्रधानाध्यापक विन्देश्वर यादव र तत्कालीन प्राथमिक द्वितीय श्रेणीकी शिक्षक प्रियंका कुमारी सिंह रहेका छन्।

अख्तियारले दुवैजना जनासँग जनही ३ लाख ७१ हजार ३६ रुपैयाँ १० पैसा बिगो कायम गरी सजायको मागदाबी गरेको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए।

**यसरी भएको थियो हिनामिना**

अख्तियारका अनुसार शिक्षक प्रियंका कुमारी सिंह वि.सं. २०७९ सालको वैशाख महिनादेखि कात्तिक १८ गतेसम्म कुनै औपचारिक सूचना वा निवेदन पेस नगरी विद्यालयमा निरन्तर अनुपस्थित रहेकी थिइन्।

शिक्षा ऐन अनुसार मनासिव कारणविना लामो समय अनुपस्थित रहने शिक्षकलाई पदबाट हटाउने प्रक्रिया अगाडि बढाउनुपर्नेमा तत्कालीन प्रधानाध्यापक विन्देश्वर यादवले हाजिरी रजिष्टर खाली राखेका थिए। लामो समयपछि शिक्षक विद्यालयमा उपस्थित भएपछि एकमुष्ठ हाजिरी गराइएको र पछि उक्त हाजिरीमा टिपेक्स लगाई सच्याएर पुनः हाजिर गराइएको खुलेको छ।

प्रअ यादवले सोही फर्जी हाजिरी र विदाको अभिलेखका आधारमा मलंगवा नगरपालिकाबाट गैरकानुनी रूपमा छुट तलब निकासा गराएका थिए। अनुसन्धानका क्रममा शिक्षक सिंह अनुपस्थित रहेको अवधि २०७९ साउनदेखि कात्तिकसम्मको २ लाख ४० हजार ९१४ र वैशाख, जेठ तथा असार महिनाको १ लाख ३० हजार १२१ गरी कुल ३ लाख ७१ हजार ३६ रुपैयाँ गैरकानुनी रूपमा भुक्तानी लिएको र दिएको पुष्टि भएको छ।

**कैद र जरिवानाको मागदाबी**

सरकारी कागजात सच्याएर सरकारी रकम हिनामिना, हानि-नोक्सानी तथा दुरुपयोग गरेको पुष्टि भएकाले प्रतिवादीहरू यादव र सिंहविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १७ बमोजिमको कसुरमा मुद्दा दायर गरिएको हो।

उनीहरूबाट हिनामिना भएको बिगो ३ लाख ७१ हलार ३६ रुपैयाँ असुल उपर गरी ऐनबमोजिम कैद र जरिवाना सजाय गर्न अख्तियारले मागदाबी गरेको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक

## जनकपुरमा मिटरब्याजपीडित महिलाले गरिन् अदालत ............

अवस्था सिर्जना भएको थियो। प्रहरीले प्रदर्शनकारीलाई नियन्त्रणमा राख्दै अदालत आसपासको सुरक्षा व्यवस्था कडा बनाएको थियो।

रजकले आफूहरूले न्याय नपाएको भन्दै अदालतको फैसलाप्रति आक्रोश व्यक्त गरेकी छिन्। उनले न्यायाधीशले पैसा लिएर साहुलाई छाडेको आरोपसमेत लगाएकी छिन्। यद्यपि उनले लगाएको उक्त आरोपको स्वतन्त्र पुष्टि भएको छैन।

यसैबीच मिटरब्याज सम्बन्धी कसूरमा पक्राउ परेका गोपाल साह, रेखा साह र हरेराम साहविरुद्ध धनुषा जिल्ला अदालतमा बुधबार थुनछेक बहस भइरहेको थियो। सोही क्रममा पीडितहरूले अदालत बाहिर विरोध प्रदर्शन गरेका हुन्।

पीडितहरूले ऋणको नाममा साहुबाट आफूहरूमाथि भएको कथित शोषण र अन्याय अन्त्य गर्नुपर्ने, दोषीमाथि कारबाही गर्नुपर्ने तथा पीडितलाई न्याय दिनुपर्ने माग गर्दै लामो समयदेखि आन्दोलन गर्दै आएका छन्।

मिटरब्याजको समस्या समाधानका लागि राज्यले प्रभावकारी कदम चाल्नुपर्ने र अदालतबाट समेत आफूहरूको पक्षमा न्यायपूर्ण फैसला हुनुपर्ने उनीहरूको माग छ।

## गर्मी सहन नसकेपछि पङ्खा माग्दै विद्यार्थी ............

भने।

विद्यार्थीहरूले कक्षाकोठामा तत्काल पर्याप्त पङ्खा जडान गर्नुपर्ने, विद्युत् व्यवस्थापन सुधार गर्नुपर्ने र गर्मीका कारण प्रभावित पठनपाठनलाई सहज बनाउनुपर्ने माग गरेका छन्।

विद्यालयमा लामो समयदेखि व्यवस्थापन समिति गठन हुन नसकेको भन्दै विद्यार्थीहरूले तत्काल समिति गठन गर्नुपर्ने मागसमेत अघि सारेका छन्। उनीहरूका अनुसार व्यवस्थापन समिति नहुँदा विद्यालयका आधारभूत समस्या समाधानमा समेत प्रभाव परेको छ।

विद्यालयका प्रधानाध्यापक शैलेन्द्र यादवले विद्यार्थीको समस्या आफूहरूले गम्भीरतापूर्वक लिएको बताए। उनका अनुसार विद्यार्थीबाट लिखित निवेदन आएपछि गाउँपालिका र शिक्षा शाखासँग समस्या समाधानका लागि समन्वय भइरहेको छ।

'गर्मीका कारण विद्यार्थीलाई कक्षामा बस्न कठिन भइरहेको छ। विद्यार्थीको सङ्ख्या पनि धेरै छ। हामी गाउँपालिका र शिक्षा शाखासँग समन्वय गरिरहेका छौं। दुई दिनभित्र पङ्खा र आवश्यक व्यवस्थापन गर्ने प्रयास भइरहेको छ', उनले भने।

विद्यार्थीहरूले भने तत्काल समस्या समाधान हुनुपर्ने अडान राखेका छन्। माग पूरा नभए आन्दोलनलाई थप सशक्त बनाउने चेतावनी उनीहरूले दिएका छन्।

गर्मी बढ्दै जाँदा कक्षाकोठामा विद्यार्थीको स्वास्थ्य तथा पठनपाठनमा असर पर्न सक्ने भएकाले विद्यालय र स्थानीय तहले तत्काल आवश्यक व्यवस्था गर्नुपर्ने विद्यार्थीहरूको माग छ।